*Peace Corps Volunteer Jacob celebrating Dashain with families and neighbors*



# Peace Corps NEPAL

Newsletter | December 2025 | Issue: 6



*Peace Corps Volunteer Mei after Mushroom harvest*

## Peace Corps

Established in 1961 by John F. Kennedy, President of the United States of America, Peace Corps is an international network of Volunteers, community members, host country partners, and staff who each have a unique service journey, defined by an enduring desire to learn, and grow. Since its establishment, the Peace Corps has been guided by a mission of world peace and friendship.

Peace Corps has been partnering with the government of Nepal and collaborating with Nepali communities and individuals since 1962. At the invitation of the government of Nepal, Peace Corps Volunteers work alongside community members on locally prioritized projects that build relationships, promote knowledge exchange, and make a lasting and measurable impact.

Over the past 63 years more than 4,000 Americans have come to serve as a Volunteers in Nepal.



Namaste from Peace Corps/Nepal 🙏

In 2025, 90 Peace Corps Volunteers served across ten districts in three provinces of Nepal, partnering closely with Nepali community members to address locally identified challenges and fulfilling Peace Corps mission of promoting world peace and friendship.

Working with the Government of Nepal counterparts, Volunteers are busy in their assigned communities teaching English, improving agriculture production, and promoting good nutrition and sanitation practices, among other projects. Please see additional details in this and previous newsletter issues for their amazing work.

**Troy Kofroth,**
*Country Director, Peace Corps/Nepal*

## Peace Corps Nepal at glance

Peace Corps Volunteer in Nepal works in three sectors Agriculture, Education, and Environment.

Education Volunteers teach Grades 4-7 English in rural or peri-urban government schools and support digital learning initiatives

Environment Volunteers work alongside individuals and communities to manage their natural resources and environment in healthy, productive, and sustainable ways; and support eco-tourism promotion activities

Agriculture Volunteers work alongside host country counterparts to promote the food and nutrition security of smallholder farming households with women of reproductive age, and response Volunteers support agriculture research activities at universities

## Launching a New Forestry Partnership



In November 2025, after a request from the Tribhuwan University's institute of Forestry (IoF), Peace Corps/ Nepal signed the Memorandum of understanding (MoU) to initiate a forestry program. The future forestry Response Volunteers will be assigned to work at IoF campus locations in Kathmandu, Pokhara, and Hetauda.







Program Highlights

# Achievements

## Agriculture

- 1,323 people reached through food and nutrition security initiatives
- 977 farmers engaged, with over 56% adopting improved agricultural practices.
- 408 kg of ginger/turmeric and 3,540 kg of mushrooms produced.
- 3,619 fruit and nut trees planted
- 333 improved beehives installed, yielding 1,276 kg of honey.
- 166 women of reproductive age (WRA) and key household decision-makers demonstrated recipes using nutrient-rich foods.

## Education


- 311 teachers engaged through a professional community of practice to learn and practice English conversation formally and informally.
- 2,607 students taught or co-taught.
- 1,474 students participated in extracurricular activities such as English clubs, eco-clubs, movie clubs, and camps.
- 400 community members reached to support student learning, including 231 females and 169 males.



## Environment

- 14 government schools reached through environmental initiatives.
- 500+ students reached, with 160 active in eco-clubs.
- 30 community environmental assessments completed.
- 9 schools guided on solid waste management best practices.
- 20 community clean-up events organized.
- 178 community members engaged in tree plantation campaigns; 700 trees planted.
- 10 CFUGs supported with technical guidance on forest conservation and management.

## Training Highlights



Over the past six months, Peace Corps Nepal organized key events to strengthen Volunteer impact and collaboration. The N209 Completion of Service conference gathered eight Education and Food Security Volunteers for reflection, sharing success stories, and preparing for life after service. The NR2 Reconnect conference brought together seven Response Volunteers working in Digital Learning and Agriculture Field Research to reconnect and enhance service impact. Additionally, 42 Volunteers from the N210 cohort completed a two-week In-Service Training with technical sessions, field visits, practicums, and Project Design and Management training. These activities underscore Peace Corps Nepal's commitment to Volunteer development and community engagement.









## Looking ahead to 2026


- Welcoming  two new cohorts of Volunteers, including Community Forestry, Environmental Advocate, Eco-Tourism Response, Education, and Food Security Volunteers.
- Expanding Nepali language training hours and strengthening our focus on cultural exchange and soft skills during Pre-Service Training.
- Continuing expanded implementation of the Peace Corps Partnerships Program to support co-created community projects.
- Transitioning the Mid-Service Training to a Mid-Service Conference to better support Counterpart capacity and leadership.

## Highlights from Volunteer Service in Nepal


 Kennedy T.

 Michael G.

 Steven R.

 Jackie S.

 Jennifer S.

 Ian O.

Peace Corps NEPAL
संवादपत्र | डिसेम्बर २०२५ | अङ्क: ६

*परिवार तथा छिमेकीहरूसँग दशैं मनाउदैं पीसकोर स्वयंसेवक ज्याकब*






*च्याउ टिपेपछि पीसकोर स्वयंसेवक मे*

## पीसकोर/नेपाल

पीसकोर संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जोन एफ. केनेडीद्वारा सन् १९६१ मा स्थापित भएको संस्था हो । यो स्वयंसेवकहरु, समुदायका सदस्यहरू, सम्बन्धित मुलुकका साझेदारहरू र कर्मचारीहरुको अन्तराष्ट्रिय संजाल हो जहाँ सिक्ने चाहना, प्रगति गर्ने इच्छा र सेवा गर्ने भावना विद्यमान हुन्छ । विश्वमा शान्ति तथा मित्रता प्रवर्दन गर्नु यो संस्थाको मूख्य उदेश्य हो ।

सन् १९६२ देखि पीसकोर नेपालले नेपाल सरकारसंग साझेदारी गर्नुका साथै नेपाली समुदाय र व्यक्तिहरुसंग सहकार्य गर्दै आएको छ । नेपाल सरकारको निमन्त्रणामा आएका पीस कोरका स्वयंसेवकहरु समुदायका सदस्यहरुसंग मिलेर समुदायको प्राथमिकतामा राखिएका परियोजनाहरुमा काम गर्छन् जसले गर्दा उनीहरु बिचमा सम्बन्ध निर्माण हुने, ज्ञान आदानप्रदान हुने र प्रभाव दिगो रुपमा पर्ने गर्दछ ।

विश्वमा शान्ति तथा मित्रता प्रवर्दन गर्न, विगत ६३ वर्षमा ४,००० भन्दा बढी अमेरिकीहरूले नेपालमा स्वयंसेवकको रुपमा काम गरिसकेका छन् ।



पीसकोर/नेपालको तर्फबाट नमस्ते 🙏

सन् २०२५ मा ९० जना पीस पीसकोर स्वयंसेवकहरूले नेपालका तीन प्रदेशका दश जिल्लाहरूमा कार्यरत छन् । उनीहरूले नेपाली समुदायका सदस्यहरूसँग नजिकबाट सहकार्य गर्दै स्थानीय स्तरमा पहिचान गरिएका चुनौतीहरू समाधान गर्न सहयोग गरे र विश्व शान्ति तथा मित्रता प्रवर्द्धन गर्ने पीसकोरको उद्देश्यलाई पूरा गर्न मद्दत गरे ।

नेपाल सरकारका सम्बन्धित निकायहरूसँग मिलेर स्वयंसेवकहरू आफ्नो तोकिएको समुदायमा काम गर्छन् । उनीहरूले अंग्रेजी भाषा शिक्षण, कृषि उत्पादन सुधार, एवं वन तथा वातावरण संरक्षण र व्यवस्थापनसँग सम्बन्धित परियोजनाहरुमा काम गरिरहेका छन् । यी गतिविधिहरूले समुदायमा दीर्घकालीन सकारात्मक प्रभाव पार्ने लक्ष्य राखेका छन् ।

उनीहरूको परियोजनाहरु बारे थप जानकारीका लागि यस अंक र अघिल्ला अंकहरूमा उल्लेख गरिएको छ ।

**ट्रोय कोफ्रोथ,**
*राष्ट्रिय निर्देशक, पीसकोर/नेपाल*

## पीसकोर/नेपाल को कार्यक्रमहरु

नेपालमा पीस पीसकोर स्वयंसेवकहरू तीन क्षेत्रमा काम गर्छन् : कृषि, शिक्षा, र वातावरण ।

**शिक्षा स्वयंसेवकहरू** ग्रामीण वा अर्ध-शहरी सरकारी विद्यालयमा कक्षा ४ देखि ७ सम्म अंग्रेजी पढाउँछन् र डिजिटल शिक्षण पहललाई सहयोग गर्छन् ।

**वातावरण स्वयंसेवकहरू** व्यक्तिहरू र समुदायसँग मिलेर प्राकृतिक स्रोत र वातावरणलाई स्वस्थ, उत्पादनशील र दिगो तरिकाले व्यवस्थापन गर्न काम गर्छन्; साथै इको-पर्यटन प्रवर्द्धन गतिविधिहरूमा सहयोग गर्छन्।

**खाद्य सुरक्षा/कृषि स्वयंसेवकहरू** सहकर्मीहरूसँग मिलेर साना किसान परिवारहरूको खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धन गर्ने काम गर्छन् । विशेषगरी प्रजनन उमेरका महिलाहरूलाई लक्षित गर्छन् । साथै, रेस्पोन्स स्वयंसेवकहरूले विश्वविद्यालयमा कृषि अनुसन्धान गतिविधिहरूमा सहयोग गर्छन्।

## वन विज्ञान अध्ययन संस्थानसँग नयाँ साझेदारी



त्रिभुवन विश्वविद्यालय अन्तर्गत वन विज्ञान अध्ययन संस्थान (IoF) को अनुरोधमा नोभेम्बर २०२५ मा पीसकोर/नेपालबीच वन परियोजना को कार्यक्रम सुरु गर्न सम्झौता पत्र (MoU) मा हस्ताक्षर भयो । आगामी वन अनुसन्धानसँग सम्बन्धित रेस्पोन्स स्वयंसेवकहरूलाई काठमाडौं, पोखरा र हेटौंडास्थित IoF क्याम्पसहरूमा काम गर्न खटाइनेछ ।







# उपलब्धिहरू

## कृषि

- खाद्य तथा पोषण सुरक्षासम्बन्धी पहलहरूमा १,३२३ जना समेटिएका।
- ९७७ जना कृषकहरूलाई संलग्न गराइएकोमा ५६% भन्दा बढीले उन्नत कृषि अभ्यासहरू अपनाएका।
- ४०८ केजी अदुवा/बेसार तथा ३,५४० केजी च्याउ उत्पादन भएको।
- ३,६१९ वटा फलफूल तथा नट प्रजातिका बिरुवाहरू रोपिएका।
- ३३३ वटा उन्नत मौरीका घारहरू जडान गरी १,२७६ केजी मह उत्पादन गरिएको।
- प्रजनन उमेर समूहका १६६ जना महिला तथा घरायसी निर्णय प्रक्रियामा मुख्य भूमिका निर्वाह गर्ने व्यक्तिहरूद्वारा पोषणयुक्त खाद्यपदार्थको प्रयोग गरी परिकार बनाउने विधि प्रस्तुत गरिएको।

## शिक्षा

- औपचारिक तथा अनौपचारिक रूपमा अङ्ग्रेजी संवाद सिक्न र अभ्यास गर्न ३११ जना शिक्षकहरूलाई पेसागत अभ्यास समुदाय मार्फत् संलग्न गराइएको।
- २,६०७ जना विद्यार्थीहरूलाई अध्यापन वा सह-अध्यापन गराइएको।
- १,४७४ जना विद्यार्थीहरू अङ्ग्रेजी क्लब, पर्या-क्लब, चलचित्र क्लब तथा क्याम्पहरू जस्ता अतिरिक्त क्रियाकलापहरूमा सहभागी भएका।
- विद्यार्थीहरूको सिकाइमा सहयोग पुर्याउन २३१ महिला र १६९ पुरुष गरी समुदायका ४०० जना सदस्यहरूसम्म पहुँच विस्तार गरिएको।



## वातावरण

- वातावरणीय पहलहरूमार्फत १४ वटा सरकारी विद्यालयहरूमा पहुँच विस्तार गरिएको।
- ५०० भन्दा बढी विद्यार्थीहरू समेटिएका जसमध्ये १६० जना पर्या-क्लबहरूमा सक्रिय रहेका।
- ३० वटा सामुदायिक वातावरणीय मूल्याङ्कन कार्यहरू सम्पन्न गरिएका।
- ९ वटा विद्यालयहरूलाई ठोस फोहोर व्यवस्थापनका असल अभ्यासहरूका विषयमा मार्गदर्शन प्रदान गरिएको।
- २० वटा सामुदायिक सरसफाइ कार्यक्रमहरू आयोजना गरिएका।
- वृक्षारोपण अभियानहरूमा समुदायका १७८ जना सदस्यहरूलाई संलग्न गराइएको र ७०० वटा बिरुवाहरू रोपिएका।
- १० वटा सामुदायिक वन उपभोक्ता समूहहरूलाई वन संरक्षण तथा व्यवस्थापनसम्बन्धी प्राविधिक मार्गदर्शन प्रदान गरी सहयोग पुर्याइएको।

## प्रशिक्षणका झलकहरू



विगत छ महिनामा, पीसकोर नेपालले स्वयंसेवकहरूको प्रभावकारिता र आपसी सहकार्यलाई सुदृढ तुल्याउने उद्देश्यले विभिन्न महत्त्वपूर्ण कार्यक्रमहरू आयोजना गरेको छ। N209 सेवा समापन सम्मेलनमा शिक्षा तथा खाद्य सुरक्षा क्षेत्रका आठ जना स्वयंसेवकहरू आफ्ना अनुभवहरूको समीक्षा गर्न, सफलताका कथाहरू बाँड्न र सेवा अवधि पश्चातको जीवनका लागि तयारी गर्न एकै ठाउँमा एकत्रित भए। NR2 पुनर्मिलन सम्मेलनले डिजिटल सिकाइ तथा कृषि क्षेत्र अनुसन्धानमा कार्यरत सात जना रेस्पोन्स स्वयंसेवकहरूलाई एक-आपसमा पुनः जोडिन तथा सेवाको प्रभावकारिता अभिवृद्धि गर्न एकै ठाउँमा ल्याउने कार्य गर्यो। यसका अतिरिक्त, N210 समूहका ४२ जना स्वयंसेवकहरूले प्राविधिक सत्रहरू, स्थलगत भ्रमण, प्रयोगात्मक अभ्यास तथा परियोजना तर्जुमा एवं व्यवस्थापनजस्ता विषयहरू समेटिएको दुई हप्ते सेवाकालीन तालिम सफलतापूर्वक सम्पन्न गरे। यी गतिविधिहरूले स्वयंसेवकहरूको वृत्तिविकास तथा सामुदायिक संलग्नताप्रतिको पीसकोर नेपालको प्रतिबद्धतालाई उजागर गरेका छन्।








## आउँदो सन् २०२६ लाई हेर्दा


- सामुदायिक वन, वातावरण पैरवीकर्ता, पर्यावरण पर्यटन रेस्पोन्स, शिक्षा तथा खाद्य सुरक्षा स्वयंसेवकहरू लगायत स्वयंसेवकहरूका दुई नयाँ समूहहरूलाई स्वागत गर्ने।
- सेवा-पूर्व तालिमको अवधिमा नेपाली भाषा प्रशिक्षणको समय विस्तार गर्ने तथा सांस्कृतिक आदानप्रदान र सामान्य सीपहरुमा हाम्रो ध्यानलाई अझ सुदृढ तुल्याउने।
- सह-सिर्जित सामुदायिक परियोजनाहरूलाई सहयोग पुर्याउन पीसकोर साझेदारी कार्यक्रमको विस्तारित कार्यान्वयनलाई निरन्तरता दिने।
- समकक्षीहरूको क्षमता र नेतृत्व विकासमा अझ प्रभावकारी सहयोग पुर्याउने उद्देश्यले मध्य-सेवाकालीन तालिमलाई मध्य-सेवाकालीन सम्मेलनमा परिमार्जन गर्ने।

## नेपालमा स्वयंसेवक सेवाका झलकहरू



केनेडी टी.


माइकल जी.


स्टिभन आर.


ज्याकी एस.


जेनिफर एस.


इयान ओ.